महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

**२०७५ असार १५ गते, शुक्रबार**

महालेखापरीक्षकको कार्यालयको ६० औं वार्षिकोत्सव (हीरक-जयन्ती) कार्यक्रम सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट समुपस्थितिमा सम्पन्न भयो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, संवैधानिक निकायका प्रमुखहरु तथा सदस्यहरु लगायत विशिष्ट व्यक्तिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूले महालेखापरीक्षक नियुक्ति भएसँगै कार्यान्वयन गरिएको ६ वर्षे कार्ययोजना, लेखापरीक्षण विधि र पद्दतिमा गरिएका सुधार, सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार तथा जवाफदेहि बनाउन गरिएको प्रयास तथा महालेखापरीक्षकको कार्यालय भवन निर्माणको प्रगति लगायतका सुधारहरु प्रसंशनीय रहेको बताउनु भयो । उहाँले सार्वजनिक आर्थिक कारोबारमा देखिएको बेरुजू अंकले सार्वजनिक निकायहरुको वित्तीय अनुशासनको स्थिति इगित गरेको बताउदैं बजेट अनुशासन, खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, जिम्मेवारी र जवाफदेहिता, आन्तरिक नियन्त्रण तथा सेवा प्रवाह लगायतका विषयमा महालेखापरीक्षकको प्रतिवेदनको टिप्पणी सहितको सुझावहरुको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

सोही अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट भुतपुर्व महालेखापरीक्षक श्री गेहेन्द्रनाथ अधिकारीलाई सम्मान गर्नुका साथै महालेखापरीक्षकको कार्यालयमा उत्कृष्ट काम गर्ने ७ कर्मचारीहरु नायव-महालेखापरीक्षक श्री महेश्वर काफ्ले, निर्देशक श्री ताराप्रसाद पाण्डे, लेखारीक्षण अधिकारी श्री चन्द्रप्रकाश रेग्मी, लेखारीक्षण अधिकारी श्री कल्पना अर्याल, लेखारीक्षण अधीक्षक श्री दिपकराज आचार्य, लेखारीक्षण अधीक्षक श्री कृष्णराज रावल र कार्यालय सहयोगी श्री सुमन चन्द्र घिमिरेलाई पुरस्कार प्रदान गर्नुभयो ।

कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले महालेखापरीक्षकको कार्यालयले सुशासन कायम गर्ने सन्दर्भमा "जनहितका लागि जवाफदेहिता, पारर्दशिता र निष्ठाको प्रवर्द्धन गरी विश्वसनीय संस्था हुन प्रयत्नशिल रहने र सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने गन्तव्य निर्धारण गरी योजनाबद्ध ढंगले अगाडी बढेको बताउनुभयो । साथै उल्लेखित विकास निर्माण, राजस्व खर्च, सेवा प्रवाह लगायत वित्तीय प्रशासनका विविध पक्षमा रहेका कमजोरीहरु सुधारका लागि महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएका सुझाव कार्यान्वयनबाट सार्वजनिक स्रोत साधनको संरक्षण र उपयोगमा दक्षता अभिवृद्धि हुने अपेक्षा रहेको बताउनु भयो । आगामी आर्थिक बर्षमा लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन वित्तीय र

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


नियमितताको अतिरिक्त राष्ट्रिय महत्वका विषयहरु छनौट गरी कार्यमुलक, वातावरणीय र सूचना प्रविधी लेखापरीक्षणको संख्या वृद्धि गरिने उल्लेख गर्नुभयो । साथै संघ, प्रदेश र स्थानीय तिनै तहको राजस्व आम्दानी र खर्च व्यस्थापन, विकास निर्माण, सेवा प्रवाह, प्रशासनिक खर्च, सार्वजनिक सम्पतिको समुचित उपयोग र कार्यक्रमको कार्यान्वयन सम्बन्धमा लेखापरीक्षणका माध्यमबाट दक्षता, मितव्ययिता एवं प्रभाकारीता वृद्धि गर्ने कार्यमा प्रयत्नशील रहने धारण व्यक्त गर्नुभयो ।

बार्षिकोत्सव कार्यक्रममा सहभागी हुन कार्यालयका सबै कर्मचारीहरु महालेखापरीक्षकको कार्यालय बबरमहलबाट कार्यालयको मूल्य, मान्यता र कार्यविधि झल्कने प्ले कार्डहरु सहित समारोहस्थल राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग पुगेका थिए ।

(अशोक कुमार कार्की)
सहायक प्रवक्ता